कविता

"प्रतिहिरोसिमा"

डा. मधु माधुर्य

इन्द्रेणीबाट निर्वासित रंगहरुको
सप्तकमा निषेधित स्वरहरुको
शरणार्थी-सिविर
कल्पनामा नअटेका दृश्यहरुको
अस्वीकृत अमूर्त मेरो जिन्दगी -
बिचार चेतनाको खुल्ला जंगल जफत गरिरहेछ ....
उखेल्दै मिथक "मृत्यु" र पराजयका दशगजाहरु !

सत्यको विदोह असत्यको अन्तिम प्रदर्शनी-कक्षमा
थाप्दै छ मान्छेको नाममा युगको इनाम :
क्राइस्टलाइ क्रस र बुद्धलाई विष
गान्धीलाई गोली र लखनलाइ शूली ...
वेविलोनको यो क्रम
विनिर्माण-चुनामी वा अन्तिम रातको अड्कल काटेर
'माया-क्यालेन्डर'संग कानेखुशी गरिरहेछ ...

नुतन-सिर्जनाको  अनियमित कचकच
म
लिगलिग-दौड जितेर राजा हुन इन्कार गरिरहेछ
'पार्टी-सत्ता' समीकरण रचेर प्रधान-मन्त्री हुन अस्विकार गरिरहेछ
संबिधान-लेखनको बहानामा 'पंगू-सभासद' हुन मन्जुर छैन
दासहुनुको विवसतामा 'जन-रैती' नहुन सर्व-आव्हान गरिरहेछ ....
खरिद-विक्रीको हाटबजारमा -
खुलमखुल्ला खरिद गर्नेहरु छन्

बिक्रि गर्ने दलालहरु छन्
बेचिनेहरु छन्
बेचिने सम्भावना नपाएका 'अभागी' हरु छन्
बेचिनै नचाहने अदृश्यप्राय  'निरिह'हरु छन्

माया-क्यालेन्डरमाथि हल्लिरहेछ दशगजा सुन्दर भ्रमहरुको
बेचिनेहरुको निधारमा सजिएको 'सोल्ड' छाप देखेर
'म' कुकुर भुंगभुंगती भुकिरहेछ
बेचिएका बोराहरु  पसलको साहुजीमाथि खटन-पटन गरिरहेछन्
मूल्य-निर्धारण गर्ने दलालहरुमाथि शासन गरिरहेछन
दुधे-वालक टोलाउँछौं हामी मौन हुन्छौं
'सोल्ड' धारिहरुलाई भोट हाल्न अर्को चुनाव कुरिरहन्छौँ
चेतनाको एक क्वान्टम  टाइम-बम - म :
पोतिएर अपहेलित रंग र 'B''-चरा स्वरहरुले
दरिद्रता र दीनको कारखाना: दर्दनाक देशको छातीमा
प्रति-हिरोसिमा पड्किने तरखरमा छु ....!
'सोल्ड' हरुको बस्तीमा
उखेल्दै मिथक ''मृत्यु'' र पराजयका दशगजाहरु !
काउन्ट -डाउन भाषामा
हरेक मिलिसेकेन्ड छोट्याउँदै  'माया-क्यालेन्डर'संग कानेखुशी गरिरहेछ